निर्णयहरू:

१. चाडपर्वको समयमा खाद्यान्नको आपूर्ति व्यवस्थापन, मूल्य बृद्धि र कालोबजारी नियन्त्रण तथा संभाव्य मिसावट समेतका विषयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरू तथा जिल्ला प्रशासन कार्यालयले समेत आ-आफ्नो कानुनी क्षेत्राधिकार अनुसार आवश्यक कार्य गर्ने।

२. विपद तथा प्रकोपजन्य घटना न्यूनीकरणका लागि पूर्व सावधानी अपनाउने, सचेतीकरण गर्ने/गराउने तथा राहत र तत्काल उद्धारका लागि आवश्यक समन्वय गरी जनशक्ति परिचालन गर्ने, गराउने । यसका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र सबै सुरक्षा निकायबीच आवश्यक समन्वय गर्ने।

३. चाडपर्वको समयमा प्रदेशभित्र सवारीसाधन आवागमन, सुरक्षित यात्राका लागि तोकिएको भन्दा बढी यात्रु चढे/नचढेको, तोकिएको भन्दा बढी भाडा लिए/नलिएको तथा मादक/लागू पदार्थ सेवनको चेकजाँच, सडक पूर्वाधारको स्तरोन्नति र मर्मत संभार लागयतका विषय सहित यातायात क्षेत्र व्यवस्थापन सुनिश्चित गर्ने। यसका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र सम्वन्धित सुरक्षा निकायबीच आवश्यक समन्वय गर्ने ।

४. चाडपर्वको समयमा नियमित नागरिक सेवाप्रवाह सुनिश्चित गर्ने, अनिवार्य र आकस्मिक सेवा प्रवाहको सुनिश्चितता, सरकारी सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण तथा नियमितताका लागि सबै निकायका प्रमुखहरूले आवश्यक व्यवस्थापन गर्ने।

५. यस अगाडिका सबै निर्णयहरूको कार्यान्वयन भएको यकिन गर्ने, यसरी हुने निर्णयहरू कार्यान्वयनका लागि सम्वन्धित निकायहरूलाई निर्देशन गर्ने तथा कार्यान्वयनपश्चात प्रगतिको जानकारी सम्वन्धित निकायमा तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गराउने।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७९।६।१६

डा. कमल प्रसाद पोखेल
प्रमुख सचिव